# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १५९ | बुटवल | २०८२ जेठ २२, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday June.05, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## रूपन्देहीमा ढुंगा गिट्टीको दोहन र चोरी रोक्न रास्वपा र राजमोको माग

### गल्ती दोहोऱ्याए ठेक्का तोड्ने प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले ठेकेदारहरुलाई चेतावनी दिएका छन्।





बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय जनमोर्चा रुपन्देहीले रुपन्देहीका तिनाउ, दानवलगायत नदीहरुमा मापदण्ड विपरीत जथाभावी उत्खननन् तथा ढुंगा गिटीको चोरी भइरहेको भन्दै तत्काल रोक्न माग गरेका छन् ।

रास्वपाले रुपन्देहीका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै अधिकांश खोलाहरुमा अनियन्त्रितरुपमा मापदण्ड विपरीत अवैध दोहन गरी नदीजन्य पदार्थ चोरी निकासी भइरहेकोप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । पार्टी जिल्ला सभापति डा. बुद्धिप्रसाद शर्मा नेतृत्वको टोलीले प्रजिअ बासुदेव घिमिरेलाई बुझाएको ज्ञापनपत्रमा स्थानीय तह र ठेकेदारलगायत सम्बन्धित पक्षको कहीं न कहीं मिलेमतो तथा सेटिङमा मापदण्ड विपरीत गहिरो खनेर खोलाबाट ढुंगा गिटी निकाल्दा त्यहाँ खाल्डामा डुबेर हरेक वर्ष मानवीय क्षति समेत हुने गरेको उल्लेख छ ।

'केही दिनयता बुटवल, सैनामैना, देवदह, सियारी, शुद्धोधन, तिलोत्तमा, मायादेवी, गैंडहवा, रोहिणी, कञ्चन लगायतका पालिकाहरुमा पर्ने तिनाउ दानव, चरंगे खोला, घोडाहा खोला, कर्साघाट, कञ्चन खोला, रोहिणीलगायतका खोलाहरुमा अनियन्त्रित रुपमा, मापदण्ड विपरीत अवैध दोहन गरी नदीजन्य पदार्थ चोरी निकासी भइरहेको र मापदण्ड बमोजिम घाटगद्दी नगरी सिधैँ क्रेसर उद्योगमा ढुवानी भइरहेको कार्यप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ-'स्थानीय तहलगायत सम्बन्धित पक्षको कहिन कहीं मिलेमतो र सेटिङ्गमा मापदण्ड विपरीत राष्ट्रिय गौरवका आयोजनाको नाममा होस् वा अन्य कनै नाममा होस् खोला तथा नदीमा मापदण्ड मिचेर गरिने मनपरी उत्खनन्का कारण खाल्डामा डुबेर हरेक वर्ष मानवीय क्षति हुने गरेको छ, तसर्थ नियम विपरीत घाटगद्दी गर्ने, चोरी, निकासी गर्ने जस्ता कार्य तत्काल बन्द गराउन हामी जोडदार माग गर्दछौं ।'

प्राकृतिक स्रोत र साधनको दोहनमा मापदण्ड विपरीत प्रयोग गरिएका साधनहरु खोलाबाट तत्कान हटाउन र चोरी निकासी गर्नेलाई शख्त कारबाही गर्न रास्वपाले माग गरेको छ ।

रास्वपाले उत्खननको नियमित अनुगमन गर्न पत्रकार र विज्ञ समूहसहितको संयन्त्रको माग गर्दै जिल्लाभित्रको प्राकृतिक श्रोत साधनको उपभोग गर्न पाउने नागरिकको अधिकारलाई समेत मध्यनजर गरी सर्वसाधारणलाई सहज रुपमा नदीजन्य पदार्थ उपलब्ध हुने व्यवस्था मिलाउन समेत माग गरेको छ ।

यसैगरी राष्ट्रिय जनमोर्चाले बुधबार नै प्रेस विज्ञप्ति जारी गर्दै रुपन्देहीमा नदीजन्य पदार्थको अवैध उत्खनन् र ओसारपसार रोक्न माग गरेको छ ।

पार्टीका रुपन्देही अध्यक्ष टानबहादुर खत्रीले जारी गरेको विज्ञप्तिमा रुपन्देहीका विभिन्न नदी तथा खोलाहरुबाट मापदण्ड विपरीत भैरहेको नदीजन्य पदार्थको उत्खनन्, दोहन र चोरी निकासीप्रति पार्टीको ध्यानाकर्षण भएको उल्लेख छ । नदीजन्य पदार्थको उत्खनन्, दोहन नियम विपरीत तोकिएको ठाउँभन्दा अन्यत्र घाटगद्दी गर्ने वा सिधैँ क्रसर उद्योगमा लगेर बिक्री हुनु गलत भएको भन्दै अनियन्त्रित र मापदण्ड विपरीत उत्खनन्ले बाढी-पहिरोजन्य प्राकृतिक प्रकोप र मानवीय वस्तिहरु डुबानमा पर्ने सम्भावनाका कारण यस्ता गलत काम तत्काल बन्द गर्न माग गरिएको छ ।

नियम विपरीत घाटगद्दि गर्ने, ओसार पसार गर्ने र अवैध निकासी गर्ने कार्यलाई बन्द गर्न प्रभावकारी कदम चाल्न र उक्त अवैध धन्दामा संलग्न व्यक्ति वा संस्थालाई कानुनी दायरामा ल्याई कडाभन्दा कडा कारबाही गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ । अन्यथा त्यसबाट हुने दुष्परिणको जिम्मेवार सरोकारवालाले लिनुपर्ने विज्ञप्तिमा उल्लेख छ । नागरिकको जनजीवन कष्टकर बन्दै गैरहेको भन्दै राष्ट्रिय जनमोर्चाले सुशासनको प्रत्याभूति दिन, हरेक क्षेत्रमा रहेका बेथिति, विसंगति, महंगी र कुशासनको अन्त्य गर्न तुरुन्त प्रभावकारी कदम चाल्न माग गरेको छ ।

यसअघि समाजवादी मार्चामा आबद्ध नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले पनि जथाभावी उत्खनन् र चोरी निकासी रोक्न माग गरेका थिए ।

**गल्ती दोहोऱ्याए ठेक्का तोडिन्छ : सीडीओ**

यसैबिच रुपन्देहीको तिनाउ नदीका विभिन्न ठाउँमा ठेकेदारले मापदण्ड विपरीत गहिरो खनेको भेटिएपछि प्रमुख जिल्ला अधिकारीले गल्ती दोहोऱ्याए ठेक्का तोड्ने चेतावनी दिएका छन् ।

प्रमुख जिल्ला अधिकारी घिमिरे नेतृत्वको टोलीले बुटवल उप-महानगरपालिकाले ठेक्का लगाएको मगरघाट पुलको दक्षिणतर्फ ठेकेदारले अनुमति पाएको भन्दा गहिरो खनेर ढुंगा गिटी निकालेको पाइएपछि उपमहानगरका कर्मचारी र ठेकेदारलाई राखेर गल्ती दोहोऱ्याए ठेक्का तोड्ने सम्मको कारबाही हुने चेतावनी दिएका हुन् । सीडीओ घिमिरेले आइइइ प्रतिवेदन विपरीत जथाभावी उत्खनन् हुँदा पनि बुटवल उप-महानगरले नियन्त्रण नगरेको बताएका छन् ।

» *बाँकी ३ पेजमा*

## अग्नि सपकोटाको विपक्षमा सर्वोच्चको आदेश



बुटवल । सर्वोच्च अदालतले अग्नि सापकोटाविरुद्धको बहुप्रतीक्षित रिटमा उत्प्रेषणको आदेश जारी गरेको छ ।

यो आदेशसँगै २०६९ साउन १२ गते तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको मन्त्रिपरिषद्ले मुद्दा नचलाउने गरी गरेको निर्णय पनि बदर भएको छ । र, काभ्रेका अर्जुन लामाको हत्याकाण्डमा सापकोटामाथि अनुसन्धान गरी मुद्दा चलाउने बाटो खुलेको छ ।

भट्टराई सरकारले सापकोटाविरुद्ध काभ्रे प्रहरीमा परेको कर्तव्य ज्यानसम्बन्धी किटानी जाहेरी तामेलीमा राख्ने निर्णय गरेको थियो ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत तथा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, मनोजकुमार शर्मा र कुमार चुडाल रहेको इजलासले १४ वर्षपछि यो विवाद किनारा लगाएको हो ।

द्वन्द्वकालीन अवस्थामा माओवादीको एक समूहले २०६२ बैशाख १६ गते काभ्रेको दाप्चास्थित श्रीकृष्ण माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको भेलाबाट उठाएर अर्जुन लामालाई बेपत्ता पारेको आरोप छ । लामा स्थानीय व्यापारी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थिए ।

अर्जुन लामाकी श्रीमती पूर्णिमायाले आफ्नो पतिको हत्यामा माओवादी नेताहरू अग्नि सापकोटा, सूर्यमान दोङ, यादव पौडेल, भोला अर्याल, कर्णाखर गौतम, नोर्बु मोक्तान संलग्न रहेको दाबी गरी अनुसन्धान हुनुपर्ने माग गरी सर्वोच्चमा रिट दायर गरेकी थिइन् ।

उनको मागबमोजिम नै सर्वोच्चले यो आदेश जारी गरेकाले अब सापकोटामाथि फौजदारी न्यायिक प्रक्रियाअनुसारै प्रहरीले अनुसन्धान अघि बढाउनुपर्ने भएको अधिवक्ता पुष्पराज पौडेलले बताए ।

बुधबार संवैधानिक इजलासमा रिट निवेदकका तर्फबाट दिनेशमणि त्रिपाठी, राजुप्रसाद चापागाईँलगायत कानुन व्यवसायीले बहस गरेका थिए । उनीहरूले कर्तव्य ज्यानजस्तो गम्भीर फौजदारी कसुरमा किटानी जाहेरी परेको कारण सापकोटालाई तत्काल पक्राउ गरी अदालतमा मुद्दा चलाउनुपर्ने माग गरे ।

» *बाँकी ३ पेजमा*

## गृहमन्त्रीको राजीनामा हुन्न : एमाले

बुटवल । नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले भिजिट भिसा प्रकरणमा प्रतिपक्षी दलले राखेका माग पूरा गर्न सम्भव नभएको बताएका छन् ।

संसद् भवन नयाँ बानेश्वरमा सञ्चारकर्मीसँग कुरा गर्दै बर्तौलाले भिजिट भिसा प्रकरणमा गृहमन्त्रीको राजीनामा नआउने र प्रतिपक्षीले भनेजस्तो छानबिन समिति पनि गठन हुन नसक्ने बताएका हुन् ।

उनले भने-'गृहमन्त्रीले राजीनामा दिनुपर्ने कुरै छैन । राजीनामा आउँदैन । छानबिन समिति पनि बनाउन आवश्यक छैन ।'

उनले गृहमन्त्रीलाई संसद्बाट जवाफ दिन वातावरण बनाउनुपर्ने र विपक्षीले पहिले गृहमन्त्रीको कुरा सुन्नुपर्ने बताए ।

» *बाँकी ३ पेजमा*

## जगदीशपुर तालमा मोटरबोट चलाउन रोक

### मोटरबोटमा रोक लगाएपछि चराको बासस्थान नबिथोलिने र पर्यावरण पनि जोगिने विज्ञहरुको दाबी छ।




**टिआर शर्मा**

*बुटवल*


विश्व सीमसार क्षेत्रमा सूचीकृत कपिलवस्तुको जगदीशपुर तालमा मोटरबोट सञ्चालन गर्न बन्द गराइएको छ । प्रदेश सरकारले चरा आरक्ष घोषणा गरेको तालमा चालकसहित १० सिटे मोटरबोट तीब्र गतिमा चर्को आवाज र छाल निकाल्दै सञ्चालन हुँदा चराको बासस्थान बिथोलिएको र जलचर, स्तानधारी र सरिसृप जीवजन्तुलाई पनि प्रतिकूल असर पारेको थियो ।

गत बैशाख ५ गतेबाट मोटरबोट सञ्चालन भएको थियो । मोटरबोट सञ्चालन हुँदा चराहरुको जीवन चक्र र जैविक विविधतालाई प्रतिकूल असर गरेको समाचार जेठ ११ गते दैनिक लुम्बिनीले प्रकाशन गरेपछि चराविद्, पर्यावरणविद्लगायत सरोकारवालाले मोटरबोट बन्द गर्न दबाब दिएका थिए । दबाबका बाबजुद जगदीशपुर जलाशय व्यवस्थापन बहुसरोकार मञ्चले अन्य दिन बन्द गरे पनि सार्वजनिक बिदाका दिनहरुमा मोटरबोट चलाइरहेको थियो ।

तर आलोचना बढेपछि प्रदेशको वन तथा वातावरण मन्त्रालयले डिभिजन वन कार्यालय कपिलवस्तुलाई निर्देशन दिएपछि पूर्णरुपमा बन्द भएको हो । 'हामीले बन्द गर्न निर्देशन गरे पनि ठेकेदारले आलटाल गरेका थिए, गएको शुक्रबारबाट भने पूर्णरुपमा बन्द भएको छ,'-मन्त्रालयका सचिव प्रमोद भट्टराईले भने-'विज्ञहरुको टोलीबाट अध्ययन प्रतिवेदन तयार गरी त्यसका आधारमा भविष्यमा के गर्ने निर्णय नहुँदासम्म मोटरबोट चलाउन नपाउने गराइएको छ ।'

सिँचाइ प्रयोजनका लागि तत्कालीन राजा महेन्द्र शाहको पालामा २०२८ मा शुरु भई २०३५ सालमा निर्माण सम्पन्न भएको जगदीशपुर ताल मानव निर्मित तालमध्ये नेपालको सबैभन्दा ठूलो ताल हो ।

यो ताल १५७ हेक्टरमा फैलिएको छ । ताल क्षेत्रमा डेढ सय बढी प्रजातिका चरासहित उभयचर, सरीसृप रस्तनधारी जनावरको बासस्थान, चरण क्षेत्र र प्रजनन् हुने गर्छ ।

जगदीशपुर जलाशय व्यवस्थापन बहुसरोकार मञ्च नामक गैरसरकारी संस्थाले बैशाखदेखि आगामी चैतसम्मका लागि ८ लाख ५५ हजार रुपैयाँमा मोटर बोट ठेक्का दिएको थियो ।

विज्ञहरुका अनुसार विश्व सीमसार क्षेत्रमा सूचीकृत एवं चरा आरक्ष तालमा मोटरबोट सञ्चालन गर्नु गलत र गैरकानूनी हो ।

आइयूसीएन नेपालले गरेको एक अध्ययनअनुसार ताल क्षेत्रमा १ सय ६७ प्रजातिका चरा पाइन्छन् । त्यसमध्ये ९२ प्रजातिका रैथाने, ९ प्रजातिका गर्मी याममा आउने, ६४ प्रजातिका चरा जाडो याममा आउने र ३ प्रजातिका चरा आंशिक प्रवासी रहेको अध्ययनले देखाएको छ । यस्तै ४३ प्रजातिका माछा, १० प्रजातिका उभयचर, ४२ प्रजातिका सरीसृप र ३२ प्रजातिका स्तनधारी जनावर पाइने उल्लेख छ । विश्वमै दुर्लभ जन्तु पानीबिरालो र ८ प्रजातिका चरा पनि तालमा पाइन्छन् ।

लुम्बिनी प्रदेश वन ऐन-२०७८ को परिच्छेद ११ को दफा ४५ मा प्रदेश सरकारले रैथाने तथा आगन्तुक पंक्षी र संकटापन्न वन्यजन्तुको बासस्थान संरक्षण तथा वन्यजन्तु आवतजावत गर्ने प्रदेशभित्रको कुनै क्षेत्रलाई चरा आरक्ष वा जैविक मार्ग घोषणा गर्न सकिने व्यवस्थाअनुसार तीन वर्षअघि चरा आरक्ष घोषणा गरेको थियो ।

चराविज्ञ कृष्ण भुसालले सरोकारवालाको मागअनुसार मोटरबोट बन्द गर्नु स्वागतयोग्य भएको बताए ।

'अन्तर्राष्ट्रिय महत्वको विश्व सिमसार घोषित तालमा मान्छे र मोटरको चर्को ध्वनी प्रदूषण हुने गरी कुनै पनि तालमाथि मेशिन चलाउनु एकदमै गलत थियो,' उनले भने-'भविष्यमा पनि यस्तो कार्य हुन दिनु हुँदैन, भयो भने जैविक विविधता र जलीय पर्यावरणमा नकारात्मक असर पर्छ ।'

» *बाँकी ३ पेजमा*




# सम्पादकीय

## वातावरण जोगाउन प्रण गरौँ

जुन ५ अर्थात् जेठ २२ विश्व वातावरण दिवस । वातावरण जोगाउन संसारलाई झकझकाउने दिन हो, यो । वातावरण विनाशले मान्छे सहित सबै जीवजन्तुको जीवन जटिल बन्दै गइरहेका बेला वातावरण जोगाउनका लागि अभिप्रेरित गर्न यो दिन महत्वपूर्ण छ ।

विश्व वातावरण दिवस विश्व वातावरणप्रति राजनीतिक र सामाजिक जागृति ल्याउने उद्देश्यले संयुक्त राष्ट्रको आह्वानमा सन १९७३ देखि विश्व वातावरण दिवस मनाउन सुरु गरिएको हो । वातावरण संरक्षणका लागि विश्वमै राजनीतिक र सामाजिक जनचेतना जगाउने उद्देश्यका साथ सन १९७२ को ५ जुनदेखि १६ जुनसम्म संयुक्त राष्ट्रको महासभाले विश्व वातावरण सम्मेलनको आयोजना गरेको थियो । सम्मेलनको एक वर्षपछि वातावरणीय संरक्षणको आवश्यकता महसुस गरी ५ जुन १९७३ मा पहिलो पटक विश्व वातावरण दिवस मनाउन सुरु गरिएको हो ।

आज हिमालमा हिउँ देखिन छाडेको छ । बितेको तीन दशकयता नेपालका हिमालमा एक तिहाई हिउँ कम पाइएको छ । हिमालमा हिउँ कमि हुँदै जानुको अर्थ पृथ्वी तात्दै गएको छ, जसले हिउँ कम पर्न थालेको छ । नेपालका हिमालमा हिउँ कम पर्दा नेपाललाई मात्रै नभएर विश्वलाई नै त्यसले असर पार्ने भएकाले वातावरण संरक्षण साझा सरोकारको विषय हो । कार्बनडाइअक्साइडको व्यापक र अनियन्त्रित उत्सर्जनले हरितगृह प्रभावित भइरहेको छ । जसले विश्वव्यापी उष्णता बढिरहेको छ, विश्वले जलवायु परिवर्तनको असर भोगिरहेको छ । हिमालमा हिउँ मात्रै नभई पहाडमा पानीमा मुहान सुक्न थालेका छन्, हिउँदयाममा । तराईमा जमिनमुनिको पानीको सतह घट्दा केही वर्षयता ५० मिटर गहिराईसम्म चापकलमा पानी आउन छाडेको छ । अत्याधिक वर्षा हुने वा न्यून वर्षा हुने क्रम बढ्न थालेको छ, जसले बाढी र पहिरोको जोखिम बढाएको छ । खडेरीले गर्दा कृषि उत्पादनमा ह्रास आएको छ । प्रकृतिमा जे-जति वातावरणीय समस्या देखा परेका छन्, ती मान्छेले गरेको दोहनकै कारण हो । औद्योगिक प्रदूषणले स्वच्छ हावा पाउन मुश्किल भएको छ । जीवन सहज, सरल र विलासी बनाउन गरेका औद्योगिक उत्पादनको बढ्दो प्रयोग अन्ततः वातावरण विनाशको कारक भएको जान्दाजान्दै औद्योगिक प्रदूषण न्यूनीकरण गर्न चासो दिइएको छैन । विकसित देशले प्रकृतिमा गरिरहेको दोहनको असर नेपाल जस्ता अल्पविकसित देशले भोग्न बाध्य छन् ।

वातावरण जोगाउन सक्दा मात्रै मान्छेसहित सबै प्राणीको जीवनचक्र बिथोलिन रोकिन्छ । वातावरण जोगाउने मान्छेले नै हो । वातावरणमैत्री विकासको अवधारणालाई व्यवहारिक कार्यान्वयन गर्न सक्दा वातावरण विनास न्यूनीकरण गर्न सकिन्छ । वातावरण दिवसको अवसरमा प्रकृतिलाई जोगाउने प्रण गरौँ, प्रकृतिको दोहन आवश्यकता र औचित्यका आधारमा गरौँ । दोहन रोक्न सक्दा नै अहिले बिथोलिएको प्रकृतिको चक्र न्यूनीकरण हुनसक्छ । यस वर्षको वातावरण दिवसको नारा हाम्रो भूमि हाम्रो भविष्य रहेको छ । हाम्रो भूमिमा भइरहेको दोहन न्यूनीकरण गर्न सक्दा मात्रै हाम्रो भविष्य सुरक्षित छ ।

## ओभरहेड टंकी बन्यो, पानी आएन



तिलोत्तमा । लामो समयको प्रयासपछि रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं. १२ स्थित मक्रहरमा खानेपानीको ओभरहेड ट्याङ्की बनेपछी घरघरमा शुद्ध खानेपानी आउने आशामा स्थानीय बासिन्दाहरु खुसीले गदगद थिए । ट्याङ्की २ बर्ष अघि निर्माण गरिए पनि हाल सम्म पानि आउने कुनै संभावना देखिदैन ।

ओभरहेड टंकी निर्माणका बेला तत्कालै पानी आउला जस्तो गरी स्थानीयको घर र खेतीबालीमा समेत क्षति हुने गरी पाईप बिस्तार गरिए पनि निर्माण कम्पनीको बेवास्ताको कारण हाल सम्म पनि खानेपानी आउने कुनै संभावना नरहेको स्थानीय कृष्ण प्रसाद पौडेलले बताए ।

यसको बारेमा स्थानीय जनप्रतिनिधिहरुसंग जिज्ञासा राख्दा गतवर्षको चैत्र मसान्त भित्र घरघरमा पानी बितरण गरिने भनिएको तर हाल सम्म वितरण गर्न नसकिएको स्वीकार गरे ।

-बिरबहादुर थापा,प्रशिक्षार्थी

विनयी त्रिवेणी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दुम्किवास,नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## खोला च्यानलाइज गरि नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

(२४ घण्टे सूचना प्रथम प्रकाशन मिति २०८२/०२/२०)
(२४ घण्टे सूचना दोस्रो प्रकाशन मिति २०८२/०२/२२)

स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ६२ कर यस विनयी त्रिबेणी गाउँपालिका आर्थिक ऐन,२०८१ को व्यवस्था, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावलीको नियम १४५ बमोजिम बिशेष परिस्थिती भएको व्यबस्था बमोजिम तथा गाउँपालिका स्तरीय गाउँ विपद्व्यवस्थापन समिति २०८१/१२/२७ को निर्णय एबं गाउँकार्यपालिकाको मिति २०८२/१२/२८गतेको निर्णय साथै जिल्ला विपद व्यवस्थापन समिति को मिति २०८२/०१/३१ र २०८२/०२/१९को निर्णय बमोजिम मेशिन औजारको प्रयोगगरि विपद जोखिम न्यूनीकरण गर्ने र नदीजन्य पदार्थ उत्खनन गरि प्रचलित कानुनले तोकेको दरमा विक्री गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.न. | बोलपत्र नं. | बोलपत्रको विवरण | उत्खनन् परिमाण (घ.मि.) | दररेट प्रदेश सरकारले तोके बमोजिम | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | 46/BTRM/NBC/Rev/2081-082 | डाडाजोर झोलुंगे तलको खण्ड | १००००.०० | ३१७.८८ | ३१७८८००.०० | १०७७६२ | ३००० | |
| २ | 47/BTRM/NBC/Rev/2081-082 | सिलौटे पूल माथिको खण्ड | १२०००.०० | ३१७.८८ | ३८१४५६०.०० | १२९३१४ | ३००० | |
| ३ | 48/BTRM/NBC/Rev/2081-082 | खयरघारी क्षेत्र | १००००.०० | ३१७.८८ | ३१७८८००.०० | १०७७६२ | ३००० | |
| ४ | 49/BTRM/NBC/Rev/2081-082 | पाखापानी क्षेत्र | १००००.०० | ३१७.८८ | ३१७८८००.०० | १०७७६२ | ३००० | |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिककताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको यस कार्यालय को आन्तरिक राजश्वखाता नं.००८१५४१३०७८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना दोस्रो पटक प्रकाशन भएको मितिले २०८२/०२/२१गते १२:०० बजे सम्मबोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले गाउँपालिकाबाट बोलपत्र सम्बन्धि कागजातहरु खरिदगर्न सक्ने व्यवस्था गरिएको छातोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्रपेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। सुचनामा उल्लेखित ठेक्काको धरौटी रकम यस कार्यालयको सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवासमा रहेको धरौटी खाता नं. ००८१५१५३३२६मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड)सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८२/०२/२३गतेका दिन दिनको १२:०० बजे भित्र गाउँपालिकामा बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८०।०२।२३ गते १:०० बजे पछि विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक यो सुचना प्रकाशित मितिले २०८१/०२/२२गतेका दिन दिनको १:०० बजे विनयी त्रिबेणी गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपलट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सोको सुचना पाएको वा सुचना टाँस भएको मितिले १ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम जेष्ट मसान्त भित्र अनिवार्य बुझाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ती वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाँउपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र परिमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानिय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२साल जेठ मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ , साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्रि्त दावी गर्न पाईने छैन ।यकिन भएको परिमाण भन्दा बढी परिमाण विक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामा बुझाउनु पर्ने छ। प्राबिधिकप्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक दिनउत्खनन र विक्री वितरण गरिएको यथार्थ परिमाण खुलाइ गाउँपालिकामा विवरण पेश गर्नु पर्ने छ ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउँनुपर्नेछ ।

५. ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

६. गाउपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन ।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

९. नदीजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौंता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१२. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१३. नदीजन्य पदार्थलाई घाटगद्धि गाउँपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ,नदीजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र विक्री वितरण गर्नुपर्ने छ ।

१४. ढुंगा,गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरएिको ढुङ्गा गिट्टि,वालुवा उत्खनन,संकलन,क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी २०७५, विनयी त्रिवेणी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ ,विनयी त्रिवेणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, ढुङ्गा गिट्टि,वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१६. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# नेप्से परिसूचकमा दोहोरो अंकको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार दोहोरो अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक ११ दशमलव ९७ अङ्कले घटेर दुई हजार ६४६ दशमलव ९५ को विन्दुमा कायम भएको हो।

तीन सय १३ कम्पनीको एक करोड ३७ लाख ८२ हजार चार सय ६८ कित्ता शेयर ५९ हजार एक सय ३० पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब १६ करोड ३३ लाख ३४ हजार पाँच सय २२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा म्युचुअल फन्ड र व्यापार समूह मात्रै बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड र प्युअर इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८१ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै अरुण काबेली पावर लिमिटेडको रु ३६ करोड २५ लाख ५९ हजार बराबरको १३ लाख ४५ हजार चार सय २६ कित्ता शेयर किनबेच भएको छ।


## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८२।०१।१० गते ओमसतियाबाट भैरहवा जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

**नाम :** नन्दा पाण्डे
**ठेगाना :** ओमसतिया-४, बसन्तपुर, रुपन्देही
**बिमालेख नं. :** १५००५००४७
**सम्पर्क :** ९८५७०२४०९०

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८२।०१।१० गते भैरहवादेखि बुटवल जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला

**नाम :** अजय कुमार कसौधन
**ठेगाना :** सिनपा-८, रुपन्देही, भैरहवा
**बिमालेख नं. :** १५००२३४८९
**सम्पर्क :** ९८५७०२४०९०


### रुपन्देहीमा...

'आइइइ विपरीत उत्खनन् हुने र अनुगमन नगर्ने हो भने किन आइइइ गरेको त ?'- उपमहानगरका प्रमुख प्रशासकीय अधिकृतसहितका कर्मचारीलाई प्रश्न गर्दै सीडीओले भने-'यस्ता गल्ती फेरि दोहोरिए ठेक्का तोड्नेसम्मको कारबाही हुनसक्छ।'

मगरघाट पुलमाथि बुद्धनगर क्षेत्रमा भएको अर्को ठेक्काको उत्खनन् स्थलमा पनि मापदण्ड विपरीत गहिरो खनिएको, अनिवार्यरुपमा प्राविधिक खटाएर निगरानी गर्नुपर्ने र घाटगद्दी स्थलमा ठेकेदारको प्रतिनिधि हुनुपर्नेमा त्यो नपाइएको जिल्ला समन्वय समिति संयोजक उमाकान्त चापागाईंले बताए। उत्खनन् स्थलमा प्राविधिक नखटाईंदा जथाभावी ढुंगा गिट्टी निकाल्ने काम हुँदा छेउको बस्ती र पुलहरु जोखिममा पर्ने खतरा रहेको चापागाईंले सचेत गराए।

'बुटवल उप-महानगरले ठेक्का लगाएको मगरघाट पुल उत्तर र दक्षिण दुबैतर्फ स्वीकृत मापदण्ड विपरीत उत्खनन् भइरहेको छ, यो नरोके कारबाही हुन्छ,' चापागाईंले भने-'राज्यको सम्पतिको संरक्षणमा स्थानीय नागरिकको पनि निगरानी हुनुपर्छ।'

यसअघि तिलोत्तमा ६ गोरकट्टामा ठेकेदारले पालिकाले तोकेको स्थानमा घाटगद्दी गर्नुपर्ने ढुंगागिटी सिधैं क्रेसर उद्योगमा लैजाने गरेको पाइएपछि तिलोत्तमा-६ गोरकट्टास्थित कश्यप नमूना रोडा उद्योगलाई सोमबार प्रशासनले ढुंगा गिटी बिक्री नगर्न निर्देशन दिएको थियो। तर उद्योगले प्रशासनको निर्देशन अटेर गरी बिक्री नरोकेको स्थानीय बताउँछन्।

गत वर्ष तत्कालीन प्रजिअ गणेश अर्यालले प्रत्येक उत्खनन् र घाटगद्दी स्थलमा २ जना जनपद,२ जना सशस्त्र र एक जना नगर प्रहरी गरी ५ जनाको सुरक्षाकर्मीको टोलीले नियमित गस्ती गरेकाले मापदण्ड विपरीत अवैध उत्खनन् र चोरी निकासी नियन्त्रण भएको थियो। तर यस वर्ष स्थानीयले दबाब दिएपछि मात्रै अनुगमन हुने अन्यथा जिल्ला प्रशासन र जिल्ला समन्वय समितिले स्वतःस्फुर्त नियमित अनुगमन नगरेकाले जथाभावी दोहन र चोरी निकासी अत्यधिक भएको स्थानीय बासिन्दाको गुनासो छ।

खोलाहरुमा मनपरी दोहन र उत्खनन् रोक्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका बढाउनेदेखि उत्खनन् र ढुवानीका मापदण्डहरु परिवर्तन र सर्वपक्षीय स्वतन्त्र निकायबाट नियमित अनुगमन हुनुपर्ने स्वतन्त्र नागरिकको भनाइ छ । खोलाको ठेक्का पाउने व्यक्ति पनि राजनीतिक दलको कार्यकर्ता र चन्दादाता, जिल्ला समन्वय समिति, मेयर, उपमेयर र वडाध्यक्ष पनि राजनीतिक दलकै मान्छे हुँदा निष्पक्ष अनुगमन हुन नसकेको बरु राजनीतिक संरक्षणमा आँखा चिम्लेर ठेकेदारलाई मनपरी गर्न छुट दिइएको उनीहरुको आरोप छ।

### अग्नि...

पद र शक्तिको आडमा पीडितलाई न्याय दिनबाट वञ्चित गरिएको र प्रहरीले अनुसन्धान नै अघि नबढाएर न्यायमा जालझेल गरेको उनीहरूको भनाइ थियो।

संक्रमणकालीन न्यायका नाममा झन् विलम्ब गरिएको कारण फौजदारी न्यायप्रणालीको नियमित प्रक्रियाबाटै यस घटनाको निरुपण हुनुपर्ने माग पनि उनीहरूले गरे। यसअघि सर्वोच्च अदालतले नै पटकपटक यस्तो आदेश गरिसकेका कारण पनि प्रहरीले जाहेरीमा कुनै काम नगरी बस्न नमिल्ने तर्क पनि ती कानुन व्यवसायीहरूको थियो।

### गृहमन्त्रीको...

संसद्को गतिरोध कायम राख्ने नियतका साथ प्रतिपक्षीले हल्का रूपमा अपरिपक्व तरिकाले राखेको विषयलाई पुनर्विचार गर्नुपर्ने उनले बताए।

प्रतिपक्षीले सदनलाई बन्धक बनाएको उनको आरोप छ। भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको संलग्नता रहेको दाबीसहित पदबाट राजीनामा दिनुपर्ने माग राखेका छन्। उनीहरूले उच्चस्तरीय छानबिन समिति गठनको पनि माग गरेका छन्।

सत्तापक्ष र प्रतिपक्ष दुवैको अडानका कारण दुई दिन बस्दै नबसी संसद् बैठक स्थगित भयो । बैठक बिहीबार दिउँसो १ बजे बस्ने सूचना टाँस गरिएको छ।

### जगदीशपुर...

वरिष्ठ चराविद् डा. हेमसागर बरालले विश्व सिमसार सूचिमा सूचीकृत तालमा मोटरबोट सञ्चालनले चराको वासस्थान बिथोलिएर चराको संख्या घट्दै लोप हुने खतरा हुने बताउँछन्।

सन् २०१९-२० तिर २०-२२ हजार पानी चरालाई आश्रयस्थल दिँदै आएको तालमा गत वर्ष ८ हजारमात्र पानी चरा गणना गरिएको थियो।

जिल्ला डिभिजन वन कार्यालय कपिलवस्तुका वन अधिकृत ईश्वरीप्रसाद पौडेलले मोटरबोट सञ्चालनबारे प्रश्न उठेपछि बन्द गर्न निर्देशन दिइएको बताए।

रामसार क्षेत्रमा सूचीकृत नेपालका १० सीमसार क्षेत्रमध्ये एक जगदिशपुर तालसन् २००३ मा रामसार सचिवालयले अन्तर्राष्ट्रिय महत्वको विश्व सीमसार क्षेत्रका रूपमा सूचीकृत गरेको थियो।

तालमा मध्य एसियाका तुर्केमेनिस्तान, किर्गिस्तान र साइबेरियाबाट पनि यहाँ चरा आउँछन् । तालमा हाँस प्रजातिका खडखडे, सिलसिले, कालीजुरे र मालक पनि आउने गर्छन् । त्यस्तै सुइरोपुच्छे, बिजुलागैरी, बेल्चाठुडे, सिन्दुरे, कैलो टाउके र हरि हाँस, रुख सुडसुडिया, चिमचिमे र जल रंक चरा पनि आउने गर्छन्।

कपिलवस्तु नगरपालिकाका नगरप्रमुख सुदीप पौडेल स्थानीयहरूले संरक्षण र जोगाएको तालमा उनीहरूले अपनत्व खोज्नु जायज भएको बताए।

उनका अनुसार नगरपालिकाले मञ्चलाई ढुंगा मर्मत तथा नयाँ खरिदका लागि ५ लाख रुपैयाँ र जलाशय सरसफाइका लागि २ लाख रुपैयाँ सहयोग गरेको थियो।


## सुनवल नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं
- पानी उमालेर मात्र पिउने गरौं
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं
- सबैखालका विभेदको अन्त्य गरौं
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं

सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (बसुप), लुम्बिनी प्रदेश नेपाल


स्थानीय सरकार
## रामग्राम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
परासी , नवलपरासी (ब.सु.प)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

( सूचना प्रकाशित मिति २०८२/०२/२२ )

रामग्राम नगरपालिकाको आ.व. २०८१/०८२ को बार्षिक बजेट अनुसार तल उल्लेखित स्थान मातपसिल बमोजिमको कार्य गर्नु पर्ने भएकाले विभिन्न मिति www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आव्हान गरिएकोमा सुचना अनुसार रीतपुर्वक पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको न्यूनतम मुल्याङ्कित फर्म सारभूत रुपमा प्रभावग्राही देखि स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारिस भई आएको हुदा, सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ (१) र २७ (२) को प्रयोजनार्थ सात दिनका लागि आशयपत्र जारी गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुलाई समेत सोही व्यहोरा जानकारी गराउन सकिने व्यवस्था भए बमोजिमयो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम तथा स्थान | कबोल रकम भ्याट र पि.एस. बाहेक |
|---|---|---|---|---|
| १ | RAM/EB/ 081/082/27 | RamgramStupako Samrakshantatha Purwadhar nirman, Ramgram 7 | SS Construction, Ramgram 09 | Rs. 18,77,378.00 |

नि.प्रमुख प्रशासकीय अधिकृत

## सिटी एक्सप्रेस वचत तथा ऋण सहकारी संस्था ली.
प्रधान कार्यालय, काठमाण्डौ

## कर्जाचुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

(प्रकाशित मिति २०८२।०२।२२)

यस संस्थाको मुख्य कार्यालय तथा सेवा केन्द्र कार्यालयहरु वाट तपशिलमा उल्लेखित ऋणीहरुले उपयोग गर्नुभएको कर्जाको सावा व्याजको रकम वुझाउने सम्वन्धमा पटक पटक ताकेता गरी फोन सम्पर्क गर्दा पनि आलटाल गरि ऋणको व्याज एवम् किस्ता तिर्ने तर्फ कुनै चासो नदेखाएकाले निम्न ऋणीहरुलाई तिर्न बुझाउनका लागी यो सार्वजनीक सूचना प्रकाशित गरीयको छ। उल्लेखित मितीभित्र आफुले रकम बुझाएको भए भौचर प्रमाण लियर आफुले कर्जा लियको सम्वन्धीत कार्यालयमा आउनुहुन अनुरोध गरीन्छ, अन्यथा सूचना प्रकाशन भएको ३५ दिनभित्रमा नवुझाएमा यसै सूचनालाई आधार मानी सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ एवूम प्रचलीत कानुन बमोजिम लिलामी प्रकृया अगाडी बढाइने छ साथै धितो बमोजिम कर्जाको साँवा व्याज असुल गर्दा नपुग भएमा निजको नाममा रहेको वाहुने अन्य चलअचल सम्पति तथा जमानी कर्ताको जायजेथाबाट असुल उपर गरिने छ।

तपसिल

| ऋणीको बिवरण | ऋणीको बिवरण |
|---|---|
| ऋणीको नाम : राजन गिरी<br>वावुको नामः अम्बर बहादुर गिरी<br>वाजेको नामः गोपाल गिरी<br>ठेगानाः चन्द्रगिरी न.पा. १, काठमाण्डौ<br>ना.प्र.प.नं. :१९९२५/१४८६/१९९० काठमाण्डौं<br>जमानी दिनेको नामः चित्रकुमारी गिरी | ऋणीको नाम : कमला कुमारी श्रेष्ठ<br>श्रीमानको नाम : दुर्गालाल जोशी<br>ससुराको नामः रामलाल जोशी<br>ठेगानाः मधुवन-०६, सुनसरी (हाल बुटवल)<br>ना.प्र.प.नं. : ७८/११९८ सुनसरी<br>जमानी दिनेको नामः अनुरोध जि.सी. |
| ऋणीको नामः सुभाष थारु<br>वावुको नाम : लौटन थारु<br>वाजेको नामः वले थारु<br>ठेगाना : महेन्द्रकोट-०५, कपिलवस्तु<br>ना.प्र.प.नं. : ३८१०५२/२३५७ कपिलवस्तु<br>जमानी दिनेको नामः महेश पन्थी | ऋणीको नाम : जितु बोहोरा सार्की<br>वावुको नामः उम बहादुर सार्की<br>वाजेको नामः भागीरथ सार्की<br>ठेगानाः सैनामैना-१२, रुपन्देही<br>ना.प्र.प.नं. : ३७-०२-७०-०३९१७ रुपन्देही<br>जमानी दिनेको नाम :मिना एस.के वोहोरा सार्की |
| ऋणीको नाम : मोहन प्रसाद पराजुली<br>बाबुको नाम : दयाराम पराजुली<br>बाजेको नाम : टिकाराम पराजुली<br>ठेगाना : तुम्कोट-५,अर्घाखाँची हाल वुटवल-११<br>ना.प्र.प.नं. ७१६/४७६७/१२ अर्घाखाँची<br>जमानीको नाम : शान्ता भुसाल, दयानिधी पराजुली | ऋणीको नामः राजु अधिकारी<br>वावुको नामः धनलाल अधिकारी<br>वाजेको नामः काशिलाल अधिकारी<br>ठेगानाः जहदा-६, नवलपरासी<br>ना.प्र.प.नं. : ७४७२१ नवलपरासी<br>जमानी दिनेको नामः महेश पन्थी |
| ऋणीको नाम : वेचन प्रसाद चौधरी<br>वावुको नामः धिसन चौधरी<br>वाजेको नामः सिवराज चौधरी<br>ठेगानाः सरावल-६, नवलपरासी<br>ना.प्र.प.नं. : ५८७१८ नवलपरासी<br>जमानी दिनेको नाम : महारानी देवी चौधरी | ऋणीको नाम : तारा कुमारी श्रेष्ठ<br>श्रीमानको नाम : धनश्याम श्रेष्ठ<br>ससुराको नामः मिन कुमार श्रेष्ठ<br>ठेगानाः अर्घातोस-४, अर्घाखाँची<br>ना.प्र.प.नं. : ४०१००५/२३४४ अर्घाखाची<br>जमानी दिनेको नामः भरत श्रेष्ठ |
| ऋणीको नाम : लक्ष्मीनारायण चौधरी<br>वावुको नामः तहविलदार चौधरी<br>वाजेको नामः फागु<br>ठेगानाः सरावल-८, नवलपरासी<br>ना.प्र.प.नं. : ६०१२५ नवलपरासी<br>जमानी दिनेको नाम : मंगेश चौधरी | ऋणीको नाम : सरोज श्रीस<br>वावुको नामः प्रेम बहादुर श्रीस<br>वाजेको नामः गँगु श्रीस<br>ठेगानाः बडिगाढ गाँउपालिका वडा नं.-२, बाग्लुङ<br>ना.प्र.प.नं.:५०१०४३/३५१८१ बाग्लुङ<br>जमानी दिनेको नामः लोक बहादुर पुन |
| ऋणीको नाम : बालकृण्ण पौडेल<br>वावुको नामः मतिलाल पौडेल<br>वाजेको नामः हरीलाल पौडेल<br>ठेगानाः गोखुङा-७, अर्घाखाँची<br>ना.प्र.प.नं. : ४०३०१५/९८२ अर्घाखाची<br>जमानी दिनेको नाम : विष्णु प्रसाद पौडेल | ऋणीकोनाम : हरीलाल अहिर<br>वावुकोनामः वचनु अहिर<br>वाजेकोनामः मंगल अहिर<br>ठेगानाः सरावल-२, नवलपरासी<br>ना.प्र.प.नं. : ४५७४ नवलपरासी<br>जमानी दिनेको नाम : राजपती यादव |
| ऋणीको नाम : मान बहादुर केवट<br>वावुको नामः रामनाथ केवट<br>वाजेको नामः अल्गु केवट<br>ठेगानाः सरावल-९, नवलपरासी<br>ना.प्र.प.नं. : ३६१०६२/८१ नवलपरासी<br>जमानी दिनेको नाम : रन्जु केवट | ऋणीको नाम : पार्वता चुदारा<br>वावुको नामः कमन सिंह कामी<br>वाजेको नामः कमल कामी<br>ठेगानाः अड्गुरी-२, अर्घाखाँची<br>ना.प्र.प.नं. : १३३४१/३६९० अर्घाखाँची<br>जमानी दिनेको नाम :दिलवहादुर चुदारा |
| ऋणीको नाम : सुन्नर गुप्ता<br>वावुको नामः राम सुरेश गुप्ता<br>वाजेको नामः जगन्नाथ गुप्ता<br>ठेगानाः सिद्धार्थनगरपालीका-८, रुपन्देही<br>ना.प्र.प.नं. : १/१९७७७ रुपन्देही<br>जमानी दिनेको नाम : राजेश्वरी राज भण्डारी | ऋणीकोनाम : जितेन्द्र चौधरी<br>वावुकोनामः पलकधारी चौधरी<br>वाजेकोनामः रोगाही चौधरी<br>ठेगानाः जहदा-८, नवलपरासी<br>ना.प्र.प.नं. : ३६४ नवलपरासी<br>जमानी दिनेको नाम : जग्गी चौधरी |
| ऋणीको नाम : उषा खनाल<br>वावुको नामः रामलाल खनाल<br>वाजेको नामः कविराम खनाल<br>ठेगानाः धारापानी-८, अर्घाखाची<br>ना.प्र.प.नं. : ४०/०१/६९/००८५२ अर्घाखाँची<br>जमानी दिनेको नाम : विष्णु प्रसाद पौडेल | ऋणीको नाम : सुर्य प्रसाद पराजुली<br>वावुको नामः सिवलाल पराजुली<br>वाजेको नामः खगेश्वर पराजुली<br>ठेगानाः हुमिन-५, पाल्पा<br>न.प्र.प.नं. : ३९३०६४/११७पाल्पा<br>जमानी दिनेको नाम :विनिता पराजुली न्यौपाने |
| ऋणीको नाम : नर बहादुर कुमाल<br>वावुको नामः बिर बहादुर कुमाल<br>वाजेको नामः इन्द्र बहादुर कुमाल<br>ठेगानाः वामी-०१,गुल्मी<br>ना.प्र.प.नं. : ४११००५/१०७४०० गुल्मी<br>जमानी दिनेको नामः विष्णु बहादुर कुमाल | ऋणीको नाम : अर्जुन विश्वकर्मा<br>वावुको नामः घनश्याम विश्वकर्मा<br>वाजेको नामः अम्मर बहादुर विश्वकर्मा<br>ठेगानाःपौंदी अमराई-०२,गुल्मी<br>ना.प्र.प.नं. : ४१-०१-७१-०२१४४ गुल्मी<br>जमानी दिनेको नामः कोपिला विश्वकर्मा |
| ऋणीको नाम : महेश पन्थी<br>बाबुको नाम : मोति बहादुर पन्थी<br>बाजेको नाम : प्रेम बहादुर पन्थी<br>ठेगाना : वागी-२, अर्घाखाँची<br>ना.प्र.प.नं.१४१४२ अर्घाखाँची<br>जमानीको नाम : अन्जना पन्थी, ऋषिराम पन्थी | ऋणीको नाम : पदम बहादुर थापा<br>बाबुको नाम :नन्द बहादुर थापा<br>बाजेको नामः लोक बहादुर थापा<br>ठेगानाः सन्धिखर्क-११,हाल सन्धिखर्क न.पा वडा नं. १०<br>ना.प्र.प.नं. : १३९/१६०/०४४ अर्घाखाँची<br>जमानीको नाम : राधिका थापा, डिल बहादुर थापा |
| ऋणीको नाम : जमुना पाण्डे<br>वावुको नामः डिल्लीराज पोखेल<br>श्रीमानको नामः सुरेन्द्र प्रसाद पाण्डे<br>ठेगानाः गजेहडा-५, कपिलवस्तु<br>ना.प्र.प.नं. : १/०८/६८७९३ कपिलवस्तु<br>जमानी दिनेको नाम : माधव ढकाल , सुमन रायमाझी | ऋणीको नाम : कपिला खनाल<br>वावुको नामः गोविन्द बहादुर खड्का<br>श्रीमानको नामः मोहन बहादुर खनाल<br>ठेगानाः गोखुङ्गा-५, अर्घाखाँची<br>ना.प्र.प.नं. : ४०३०१५/२३ अर्घाखाँची<br>जमानी दिनेको नाम : मोहन बहादुर खनाल, पुरन अधिकारी |


## सरावल गाउँपालिकाको अनुरोध

चट्याङ्गबाट बचौं र बचाऔं।
आकाशमा बिजुली चम्कदा र गडयाङ्गगुङ्ग हुँदा
-घरभित्रै बसौं।
-रुख वा बिजुलीको पोलमुनि नबसौं।
-पौडी खेल्ने, डुंङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं।
-सुरक्षित ओतमा नपुग्दै चट्याङ्ग परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं।
-टेलिफोन, मोबाइल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं।
-झ्याल, भऱ्याङ, बुइगल, बरण्डाको ग्रील बारलगायतका धातुजन्य वस्तु नछोऔं
चट्याङ्ग लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं।

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, (बसुप), नवलपरासी

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# छुवाछुत गर्नेलाई कारबाही : खाँण



बुटवल । रूपन्देहीको तिलोत्तमा नगरपालिकाले जातीय भेदभावतथा छुवाछुत गर्नेलाई कानुनअनुसार कारबाही गर्ने प्रतिबद्धता जनाएको छ । जातीय भेदभाव तथा छुवाछूत उन्मूलन दिवसको अवसरमा तिलोत्तमा नगरपालिकाको आयोजना एवम् रेडियो जागरण ९३.६ मेगाहर्जको समन्वयमा बुधबार गरिएको अन्तरसंवाद कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख रामकृष्ण खाँणले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

'तिलोत्तमाभित्र कसैले पनि जातको आधारमा छुवाछुत गरेको पाइए कानुनअनुसार कार्बाही हुन्छ ।'- नगरप्रमुख खाँणले भने । उनले जातीय भेदभाव वा छुवाछुत भएको अवस्थामा नगरपालिकालाई जानकारी गराउन समेत आग्रह गरे ।

आफूहरु तिलोत्तमा नगरभित्र कुनै पनि प्रकारको भेदभाव नहोस् भन्ने उद्देश्यका साथ काम गरिरहेको उनले बताए । भेदभाव र छुवाछुत अन्त्यकालागि तिलोत्तमा नगरपालिकाले दलित ज्ञानउत्सव गरेर राष्ट्रियस्तरमा बहस गरेको समेत उनले जनाए । 'दलित र गैरदलित समुदाय राष्ट्रियस्तरको नेताहरुलाई सहभागी गराएर कार्यक्रम गरेका छौं ।'-नगरप्रमुख खाँणले भने । उनले नगरपालिकाले पेशालाई मर्यादित, आधुनिकीकरण गर्न समेत नगरपालिकाले लगानी गरिरहेको बताए ।

यस्तै कार्यक्रममा तिलोत्तमा नगरपालिकाका उप-प्रमुख जागेश्वरीदेवी चौधरीले जातीय भेदभावविरुद्ध समुदायस्तरमै सचेतना जगाउनु पर्नेमा जोड दिइन् । उनले कानुनी रुपमा छुवाछुत अन्त्य भएको भए पनि व्यवहारमा अन्त्य गर्न लाग्नु पर्ने बताइन् । उप-प्रमुख चौधरीले दलित समुदायको परम्परागत सीपलाई संरक्षण र प्रवर्धन गर्नुपर्ने जनाइन् ।

यसैगरी अन्तरसंवाद कार्यक्रममा तिलोत्तमा क्षेत्रका राजनीतिक पार्टीहरुका तर्फबाट नेपाली कांग्रेस नगर सभापति हरिलाल पाण्डेय, नेकपा एमाले नगर अध्यक्ष मिनप्रसाद पोखेल, नेकपा एकिकृत समाजवादी नगर अध्यक्ष रामचन्द्र भट्टराई, जनमुक्ति पार्टीका नगर उपाध्यक्ष प्रेम कनौजेले बोल्दै जातीय छुवाछुत पूर्ण अन्त्यका लागि प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा तिलोत्तमा नगरपालिकाका सामाजिक विकास समितिका संयोजक एवम् कार्यपालिका सदस्य रवि सेन्चुरीले पहिलो चरणमा आफूहरु अध्ययन अनुसन्धानमा लागेको बताउँदै नीतिगत र कार्यक्रमका हिसाबले दलित समुदायको क्षेत्रमा काम भइरहेको बताए । उनले तिलोत्तमा दलित ज्ञान उत्सवदेखि दलित समुदायको रणनीतिक विकास योजना र पाश्वचित्र प्रकाशन गरिएको प्रस्तुति राखे । यस्तै अन्तरसंवादमा पत्रकार विनोद परियारले कार्यपत्र प्रस्तुत गर्दै शहरी क्षेत्रमा नयाँ रुपमा जातीय भेदभाव र छुवाछुत हुने गरेको बताए । उनले तिलोत्तमाले स्थानीय सरकारको हिसाबले दलित समुदायको क्षमता विकास, सीप विकास र राष्ट्रियस्तरमा बहसको थालनी गर्नु सकरात्मक रहेको जनाए ।

कार्यक्रममा दलित संयुक्त संघर्ष समिति रुपन्देहीका संयोजक हरिओम विश्वकर्माले संविधानमा दलितअधिकार लेखिए पनि छुवाछुत अन्त्य हुन नसकेको बताउँदै धर्म नै प्रमुख कारण रहेको बताए । कार्यक्रममा तिलोत्तमा नगरपालिकाका कार्यपालिका सदस्य एवम् सुशासन समितिका संयोजक राधा शाही, अर्का कार्यपालिका सदस्य लक्ष्मी घेललगायतले बोल्दै जातीय भेदभाव तथा छुवाछूत उन्मूलन दिवस मनाइए पनि व्यवहारमा विभेदबाट दलित समुदाय मुक्त हुन नसकेको बताए । कार्यक्रममा तिलोत्तमा नगरपालिकाका जनप्रतिनिधि, दलित अधिकारकर्मी, पत्रकार तथा सरोकारवालाहरुको उपस्थिति रहेको थियो । २०६३ साल जेठ २१ गते छुवाछुतमुक्त राष्ट्र घोषणा भएको थियो । सोही दिनलाई २०६८ सालदेखि जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवसका रुपमा मनाइन थालिएको हो ।

# परम्परा धान्न पञ्चैबाजा बजाउँदै महिला



पाल्पा । यहाँको रिब्दीकोट गाउँपालिका-३ का महिलाले पञ्जैबाजा बजाउने तालिम लिएर विवाह, व्रतबन्धलगायत धार्मिक उत्सव र सभासमारोहमा आफ्नो सीप देखाउन थालेका छन् ।

आदिवासी जनजाति समूहकी संयोजक अरुणा छहारीले पञ्चैबाजाको संरक्षण, परम्पराको जगेर्नासँगै आयआर्जनमा पनि सहयोग पुग्ने भएकाले गाउँपालिका र वडाको सहयोगबाट आफूहरूले बाजा बजाउन सिकेको बताइन् ।

पञ्चैबाजा भनिए पनि यो समूहमा नौ जनाको टोली आवश्यक पर्छ । दुई जनाले सनाई, दुई जनाले कर्नाल, दुई जनाले दमाहा बजाउँछन् । समूहमा एकएक जनाले ढोलकी, ट्याम्को र झ्याली बजाउँछन् ।

'यो समूहमा ४० देखि ५५ वर्षसम्मका १६ महिला आबद्ध छन् । गाउँमा बाजा बजाउने युवा नहुँदा छिमेकी गाउँबाट बोलाउनुपर्ने थियो, छिमेकी गाउँबाट बाजा बजाउने जनशक्ति नआए संस्कार कार्य नै प्रभावित हुने अवस्था आएपछि महिलाहरूले बाजा बजाउने सीप सिकेर व्यवसाय थालेका छौँ ।' उनले भनिन् ।

पञ्चैबाजा संरक्षणका लागि महिलाहरू अघि सरेपछि त्यसमा पुरुषहरूले पनि साथ दिएका हुन् । बाजा बजाउनेदेखि तालका विषयमा पुरुषले सहयोग गरेको संयोजक छहारीले बताइन् ।

संस्कृति संरक्षण र आत्मनिर्भरताका लागि गाउँपालिका र वडा कार्यालयले महिलाहरूका लागि तालिम दिएर बाजा किनिदिएपछि समूहमा आबद्ध महिलाले बाजा बजाउन थालेका हुन् । युवा र पुरुषहरू विदेशिएका कारण जनशक्ति नहुँदा विवाह, व्रतबन्धजस्ता शुभकार्यमा बाजा बजाउने परम्परा र संस्कृति लोप हुन थालेपछि यहाँका महिलाले व्यावसायिक रूपमा बाजा बजाउने पेसा अपनाएका वडाध्यक्ष नारायणबहादुर केसीले बताए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिप्रसाद खनालका अनुसार गत वर्ष गाउँपालिकाबाट वडामा विनियोजन गरेको रु ५० हजार बजेटबाट बाजा खरिद गरिएकामा यस वर्ष रु ५० हजार बजेटमार्फत् महिलालाई बाजा बजाउन सिकाइएको हो । सीप र सामग्री पाएपछि महिलाले व्यावसायिक रुपमा बाजा बजाउन थालेका हुन् ।

पञ्चैबाजा संरक्षण, परम्परा जगेर्नासँगै आयआर्जनमा पनि सहयोग पुग्ने समूहकी अस्मिता रुचालले जनाइन् । 'अहिले म ढोलकी सिक्दैछु, पहिला मादलसम्म बजाउन जानेको थिइनँ, सिक्दै जाँदा सबै बजाउन सकिने रहेछ । हामी महिलाले बाजा बजाउन लागेका छौँ, यसले समाजमा ठूलो प्रभाव पार्नेछ ।'- उनले भनिन् । समूहका १६ जनाले पञ्चैबाजा बजाउन तालिम लिएका थिए ।

# अवैध सामान बरामद



नवलपरासी । नवलपरासी प्रहरीले अवैध सामान बरामद गरेको छ । जिल्लाको बर्दघाट नगरपालिकाको वडा नं. ६ बेतहानीस्थित बर्दघाट त्रिवेणी सडक खण्डमा पर्ने बेताहनीबाट अवैध सामान प्रहरीले बरामद गरेको हो ।

सामानमा सबैभन्दा बढी मोबाइलमा प्रयोग हुने सामान रहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी वीरदत्त पन्तले जानकारी दिए । उनको अनुसार १५ लाख बराबरको मोबाइल ग्लास, ८ लाख बराबरको एयर फोन, ६ लाख बराबरको मोबाइलको एयर पोड्स र कभर रहेको छ । साढे ३० लाख बराबरको अवैध सामान बरामद गरिएको पन्तले जानकारी दिए ।

एक लाख ६३ हजार बराबरका ३७५ थान पित्तलका मूर्ति रहेका छन् । विभिन्न भगवानको प्रतिक रहेको उक्त मूर्ति पसलहरूमा बिक्रीका लागि लैजान लागिएको बताइएको छ । बरामद भएका अवैध सबै सामानलाई आवश्यक कारबाहीका लागि महेशपुर भन्सार कार्यालयमा पठाइएको प्रहरीले जनाएको छ । उक्त सामान भन्सार छली र भुजहवा वा बसैया नाकाबाट ल्याइएको प्रहरीले जनाएको छ ।

# पर्यटक आकर्षणको केन्द्र बन्दै 'ढोरपाटन जलजला'



ढोरपाटन (बागलुङ) । पाँच वर्ष अगाडिसम्म जलजला ओझेलमा थियो । फाट्टफुट्ट आन्तरिक पर्यटक पुगे पनि चर्चामा आउन थालेको थिएन । तर, पछिल्लो समय जलजला पुग्ने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढेको छ । नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा पर्ने जलजलामा दैनिकजसो पर्यटक पुग्न थालेका हुन् ।

ढोरपाटन उपत्यकाबाट घना जङ्गल र ठूला जंघार पार गर्दै जलजाल पुग्न सकिन्छ । शान्त वातावरण र आँखै अगाडि देखिने हिमश्रृंखला हेर्नका लागि पर्यटक जलजला जाने गर्छन् । ढोरपाटन उपत्यकादेखि २२ किलोमिटर पूर्वमा रहेको जलजलामा बाह्रै महिना पर्यटक पुग्ने गरेका हुन् । ढोरबराह मन्दिर दर्शन गर्न पुग्ने दर्शनार्थीसमेत यहाँ पुग्न गरेका छन् । बर्खामा हरियाली र हिउँदमा हिउँसँग रमाउने पर्यटकका लागि जलजला उत्कृष्ट गन्तव्य बनेको छ ।

पहिले असोजदेखि आन्तरिकसहित बाह्य पर्यटक जलजला पुग्ने गरे पनि पछिल्लो समय बाह्रै महिना यहाँ आउने गरेको ढोरपाटन उपत्यका होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले जानकारी दिए । ढोरपाटन उपत्यकादेखि १८ किलोमिटर सवारी साधन र चार किलोमिटर पैदल यात्रामा जलजला पुग्न सकिने उनको भनाइ छ ।

केही वर्ष अगाडिसम्म ओझेलमा रहेको जलजला प्रचारप्रसार र सडक सञ्जालले जोडिन थालेपछि पर्यटकको आकर्षण बढेको पुनले बताए । यो याममा दैनिक जलजला जाने पर्यटकको संख्या बढिरहेको उनको भनाइ छ । मासिक रुपमा तीन हजारको हाराहारीमा पर्यटक जलजला पुग्ने अध्यक्ष पुन बताउँछन् ।

"जलजलाको प्रचारप्रसार बढी भएर होला, अहिले टाढा-टाढाबाट पर्यटक आउन थालेका छन्, ढोरपाटन उपत्यकाबाट बाटो सहज बनेको छ, शान्त वातावरण, अनगिन्ती हिमशृंखला र प्रकृतिसँग रमाउन चाहनेहरु जलजला आउँछन्", अध्यक्ष पुनले भने- "पहिले फाट्टफुट्ट मात्रै पर्यटक जलजला पुग्थे, तर हिजोआज धेरै जान थालेका छन्, ढोरपाटनबाट बिहान गएर साँझ फर्किन सकिन्छ, यहाँबाट देखिने हिमशृङ्खलाले धेरैलाई आकर्षित गर्छ ।"

यति बेला गर्मी बढेको हुँदा तराईबाट पनि घुम्न आउने बढी छन् । समुद्री सतहदेखि तीन हजार ४०० मिटरको उचाइमा रहेको जलजलाबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण, मानापाथी, पुथा, चुरेन, गुर्जा, निलगिरीलगायत दुई दर्जन बढी हिमाल एकै ठाउँमा उभिएर नजिकै देख्न सकिने पुन बताउँछन् । पर्यटकको संख्या बढेपछि होलट व्यवसायसमेत फस्टाउन थालेको उनको भनाइ छ । ढोरपाटन आउने पर्यटकलाई अघिल्लो दिन नै होटलका लागि सम्पर्क गरेर आउन अध्यक्ष पुनले आग्रह गरे ।

भैरहवाबाट ढोरपाटन आएका सुदीप सुवेदीले जलजला निकै सुन्दर रहेको बताए । तराईमा अत्याधिक गर्मी हुँदा एक साताका लागि ढोरपाटन घुम्न आएको सुनाउँदै जलजला पुग्दा शीतलता प्राप्त भएको उनको भनाइ छ । जलजलालाई प्राकृतिक सुन्दरताले भरिपूर्ण भएको भन्दै जलजलासम्म पुग्ने सडकलाई सहज बनाउन सके पर्यटक बढ्ने सुवेदीले जनाए ।

उनले भने-"तराईमा निकै गर्मी छ, केही दिन भए पनि शीतलता लिनका लागि ढोरपाटन जाउँ भनेर आएका थियौँ, यहाँ आएपछि होटल व्यवसायी दाइहरुले जलजलासम्म पुगु भन्नुभयो, सुरुमा त खास्सै जान मन थिएन, पछि साथीहरुसँग त्यहाँ पुग्दा निकै मन फुरुङ्ग भयो, अहिलेसम्म मेरो जीवनकालमा यति धेरै हिमाल एकै ठाउँबाट देखेको थिएन, यो ठाउँ साँच्चिकै स्वर्गभन्दा कम छैन ।"

पोखराबाट घुम्न आएका नितेश तामाङले जलजला क्षेत्र निकै मनमोहक रहेको बताए । बुर्तिबाङ बजारदेखि ढोरपाटनसम्मको सडकमा जोखिमपूर्ण यात्रा गर्दा डर लागे पनि जलजला पुग्दा छुट्टै आनन्द आउने उनको भनाइ छ । राज्यले सडक र पदमार्गलाई व्यवस्थित गर्न सके बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउन सकिने तामाङ बताउँछन् । ढोरपाटनसम्म पुग्ने सडक मात्रै व्यवस्थित हुन सके जलजलामा पर्यटकको भिडभाड बढ्ने उनको भनाइ छ ।

पछिल्लो समय ढोरपाटन पुग्ने पर्यटक जलजलासँगै बर्खामा बुकीपाटन पनि पुग्ने गरेका छन् । उपत्यकादेखि करिब साढे चार घण्टाको पैदल यात्रमा पुग्न सकिने बुकीपाटन निकै मनमोहक छ । साँघुरो र अप्ठ्यारो पदमार्ग हुँदै पर्यटक बुकीपाटन पुग्ने गरेका छन् । यस वर्ष उद्योग तथा पर्यटन कार्यालय बागलुङले पाखाथरदेखि गर्पाछेडासम्म तीन किलोमिटर पदमार्ग निर्माण गरिरहेको छ ।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु २० लाखमा पदमार्ग निर्माण भइरहेको उद्योग तथा पर्यटन कार्यालयका प्रमुख पारसिंह थापाले जानकारी दिए । पर्यटकलाई बुकीपाटन पुग्न सहज होस् भन्ने उद्देश्यले पदमार्ग निर्माण गर्न थालिएको उनको भनाइ छ ।

# विद्यार्थीविहीन हुने अवस्थामा विद्यालय

तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं. १२ स्थित कोटहीमाई आधारभूत विद्यालय मक्रहर विद्यार्थीविहीन हुने अवस्थामा पुगेको अवस्था छ ।

कुनै समय २-३ सय विद्यार्थीले भरिभराउ हुने यस विद्यालयमा अहिले २०-२५ जना मात्रै छन् । विद्यालयमा यस शैक्षिक सत्रमा २ जना मात्र नयाँ विद्यार्थी भर्ना भए ।

बिगत केही वर्ष यता विद्यार्थी भर्नाको दर घट्दै गएको प्रधानाध्यापक डिल्लीराम भण्डारीले बताए । विद्यालयमा नयाँ विद्यार्थी भर्ना हुन अत्यन्त न्यूनमात्रामा आउने र माथिल्लो कक्षा उत्तीर्ण गरी अन्य विद्यालयमा जाने कारण विद्यार्थीहरुको संख्या घट्दै गइरहेको छ । विद्यालयमा हाल बाल कक्षादेखि ३ कक्षासम्म मात्र सञ्चालनमा छ । ती कक्षामा हाल ६ देखि ८ जना विद्यार्थीमात्र अध्ययनरत छन् । २ जना स्थायी तथा १ जना अस्थायीसहित ३ जना शिक्षक भए पनि विद्यार्थीहरुको संख्या कमी भएको कारण शैक्षिक गतिविधि प्रभावित भइरहेको छ । प्रधानाध्यापक भण्डारीका अनुसार समुदाय ठूलो भए पनि अभिभावक र स्थानीय नेतृत्वले चासो दिएका छैनन् ।

स्थानीय अभिभावकहरुले आफ्ना छोराछोरी निजी स्कुल तथा अन्य सरकारी स्कुलमा पठाउँदा विद्यालयमा विद्यार्थीहरुको संख्या घट्दै गएको हो ।

बोर्डिङ् स्कुलका बसहरु घर-घर र दैलोदैलोमा पुगी बालबालिकाहरु ओसार्दा स्थानीय समाजसेवी र वडाका जनप्रतिनिधिहरूको उदासीनता, विद्यालय व्यवस्थापनप्रति कमजोर निगरानी, श्रोत र साधनको अभावले २०५२ सालमा स्थापित विद्यालयमा विद्यार्थीको संख्या कमी भएको कारण विद्यालयको अस्तित्व संकटमा परेको हो ।

» *वीरबहादुर थापा, प्रशिक्षार्थी*







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com